ककनी गाउँपालिका

# स्थानीय राजपत्र

**भागः १ खण्डः ६ संख्याः १ मिति २०८०/०३/१९**

## आर्थिक वर्ष ०८०/०८१ विनियोजन ऐन -२०८०

**सभाबाट स्वीकृत मिति : २०८०/३/१९**

**प्रस्तावना :** ककनी गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २२९ को उपधारा (२) बमोजिम ककनी गाउँपालिकाको मिति **२०८०/३/१९** गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"ककनी गाउँपालिकाको विनियोजन ऐन, -२०८०** रहेको छ।

(२) यो ऐन २०८० श्रावण १ गतेबाट प्रारम्भ हुने छ।

**२. आर्थिक वर्ष ०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष ०८०/०१०को निम्ति **अनुमानित चालु तर्फ रु. ४८ करोड ७० लाख र पुँजीगत तर्फ २५ करोड ६९ लाख ११ हजार गरी जम्मा रकम रु ७४ करोड ३९ लाख ११ हजार रुपैयामा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ। मध्ये । जसको विस्तृत विवरण निम्न अनुसार रहेको छ :**

**३. विनियोजन :** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०८०/०८१ को निमित्त ककनी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकाशा र खर्च जनाउन सकिने छ। पुँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन्।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँसभाको स्वीकृति लिनुपर्ने छ।

# अनुसूची-१
## ( दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | गाउँकार्यपालिकाको वार्षिक बजेट | ४८७०००००० | २५६९११००० | ० | ७४३९११०००।- |